## अभ्यास (Exercise)

**क. परियोजना कार्य (Project Works)**

१. कुनै एक सहकारीको वार्षिक प्रतिवेदन लिनुहोस र त्यसमा समावेश भएका विषयवस्तुहरूको बारेमा अध्ययन गरी ति विषय वस्तुहरू वार्षिक प्रतिवेदनमा राख्न किन आवश्यक छ छलफल गर्नुहोस् र ति विषय वस्तुहरू राख्नको लागि कुनै ऐन वा नियमावलीले निर्दिष्ट गरेका प्रावधान अनुसार राखिएको भए सो पत्ता लगाई छलफल गर्नुहोस् ।

२. कुनै एक वा सो भन्दा बढी सहकारीको लेखापरीक्षण प्रतिवेदन लिइ त्यसमा समावेस भएका विषय वस्तुहरूको अध्ययन गरी वित्तीय विवरणहरू कसरी प्रस्तुत गरिएको छ र वित्तीय विवरण वाहेक कुन कुन विषय वस्तुहरू समावेश गर्नुपर्ने रहेछ छलफल गर्नुहोस् ।

**ख. छोटो प्रश्नहरू (Short Questions)**

१. लेखापरीक्षणको उत्पत्ति तथा विकासको बारेमा छोटकरीमा प्रस्ट्याउनुहोस ।

२. सहकारी लेखापरीक्षण भन्नाले के बुझ्नुहुन्छ लेख्नुहोस ।

३. सहकारी लेखापरीक्षकले लेखापरीक्षणको क्रममा कुन कुन अधिकारहरू प्रयोग गर्न पाँउछन् छोटकरीमा उल्लेख गर्नुहोस् ।

४. सहकारीमा प्राप्त हुने ब्याज आम्दानीको कसरी प्रमाण परीक्षण गरिन्छ टिप्पणी गर्नुहोस् ।

५. सहकारीमा प्रयोग हुने कुनै दुई दायित्वको रूजु कसरी गर्नुहुन्छ छोटकरीमा लेख्नुहोस ।

६. सहकारीमा व्यवस्था गरिएका कोषहरूको लेखापरीक्षण गर्दा कुन कुन कुराहरूमा ध्यान दिनुपर्छ उल्लेख गर्नुहोस् ।

**ग. लामो प्रश्नहरू (Long Questions)**

१. प्रमाण परीक्षण भनेको के हो र आम्दानीको प्रमाण परीक्षण गर्दा कुन कुन कुराहरूमा विशेष ध्यान पुर्याउनुपर्छ स-विस्तार व्याख्या गर्नुहोस् ।

२. खर्चको प्रमाण परीक्षण गर्दा कुन कुन कुराहरूमा ध्यान दिनु पर्छ व्याख्या गर्नुहोस् ।

३. सम्पत्ति र दायित्वको रूजु भनेको के हो ? यस सन्दर्भमा सहकारीमा प्रयोग हुने मुख्य मुख्य सम्पत्ति तथा दायित्वहरूको रूजुगर्ने तरिकाको बारेमा उल्लेख गर्नुहोस् ।

६

अध्याय

# सहकारी संस्थाको नियमन

## Monitoring of Co-operative in Nepal

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी राख्न सक्नेछन् :

- *सहकारी नियमनको अर्थको बारेमा,*
- *नेपालमा सहकारी नियमनको व्यवस्थाका सम्बन्धमा,*
- *नेपालमा सहकारी नियमन गर्ने कार्यालयका बारेमा,*
- *पर्ल्सका सूचाङ्कहरूको बारेमा,*
- *नियमन गर्ने विधिका बारेमा*

## सहकारी नियमनको अर्थ

## Concept of Co-operative Monitoring

सहकारी संघ संस्था सञ्चालनको प्रमुख आधार भनेका सहकारितामा आधारित अन्तर्निहित मूल्य तथा सिद्धान्तहरू हुन् । सहकारीका सिद्धान्त, मूल्य मान्यता, प्रचलित कानुनअनुसार सहकारीहरू सञ्चालन गर्ने गराउने महत्त्वपूर्ण औजारको रूपमा सहकारी नियमनलाई लिन सकिन्छ । सहकारी संस्थाहरू सञ्चालनको विधि प्रक्रिया, आन्तरिक नियन्त्रण, सदस्यको क्रियाशीलता, सुशासनलगायतका विषयमा आन्तरिक वा बाह्य रूपमा गरिने अनुगमन, निरीक्षण वा सुपरीवेक्षणलाई नै सहकारी नियमन भनिन्छ । सहकारीमा नियमनको माध्यमबाट सदस्यको बचतको सुरक्षा, लगानीको सुरक्षा, कानुनी दुरूस्तता, सदस्यको सक्रिय सहभागिता, मुनाफा र जोखिमको उचित बाँडफाँड, सहकारीको दिगोपना, सहकारीका आधारभूत सिद्धान्त, मूल्य मान्यताको रक्षा गर्दै सहकारी संघ संस्थालाई मार्गनिर्देश गर्ने गरिन्छ ।

समग्रमा नियामक निकाय वा अधिकार प्राप्त अधिकारीले मातहतका निकाय वा पदाधिकारीहरूबाट कानुनबमोजिम सम्पादन गर्नुपर्ने कार्यहरू भए नभएको हेर्ने र सो को पालना गराउने समग्र प्रक्रिया नै नियमन हो । सहकारीको नियमनअन्तर्गत सहकारीको दर्ता, सञ्चालन सम्बन्धी रेखदेख, निरीक्षण, अनुगमन तथा नियन्त्रण र निर्देशनका समग्र क्रियाकलापहरू पर्छन् ।

त्यसैगरी अनुगमन भन्नाले कुनै निकायले आफ्ना काम कारवाहीमा कानुन, नीति, जारी निर्देशन, मापदण्डको पालना गरे नगरेको सम्बन्धमा नियामक निकायद्वारा गरिने जाँच वा परीक्षण गर्ने कामलाई अनुगमन भनिन्छ र निरीक्षण भन्नाले सहकारी संस्थाले सम्पादन गर्ने कामहरू आवश्यक योजना, नीति, कार्यक्रम तर्जुमा गरी संस्थासँग भएको वित्तीय स्रोत साधनको समुचित ढङ्गले कानुनबमोजिम सदस्यको हितमा प्रयोग भएको छ, छैन र सम्पादित कार्यहरू कार्यतालिकाअनुसार कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ, छैन भनी विभिन्न तहका व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्य निरीक्षण हो । निरीक्षण तथा अनुगमनलाई सहकारी संस्थामा समानरूपमा लिइएको पाइन्छ ।



सहकारी अनुशासन र स्वनियमनमा चल्ने र सदस्यका लागि आर्थिक सामाजिक कार्यमा समाहित हुने संस्थाहरू हुन् । सहकारी संस्थाहरू अन्तर्राष्ट्रिय सिद्धान्त र प्रचलित मूल्यहरूबाट निर्देशित र सञ्चालित हुन्छ जसलाई सहकारी संघ संस्थालाई स्वनियमनमा बाँध्ने औजार पनि भनिन्छ । स्वनियमन भन्नेवित्तिकै सञ्चालकहरूले जे चाहेको हो, त्यो गर्न पाउने स्वेच्छाचारी अधिकार होइन । कुनै खास नीति तथा सिद्धान्तबाट निर्देशित स्वनियमन र स्वनियन्त्रण प्रणाली अपनाई संस्थामा दिगोपन र चिरस्थायी ल्याइन्छ । संस्थाले आफ्नो कार्यलाई व्यवस्थित र मर्यादित वनाउन जे जति स्वनियमहरू प्रयोग गर्दछ तिनीहरूलाई आन्तरिक नियमन प्रणाली मान्न सकिन्छ । यस अर्थमा सहकारीमा आन्तरिक र बाह्य दुवै प्रकृतिका नियमन प्रणालीले काम गरिरहेको हुन्छ ।

सहकारी संस्थाहरूले आन्तरिक नियमन प्रणालीअन्तर्गत विभिन्न विनियम तथा नीतिहरू निर्माण गरेका हुन्छन् । जस्तै वचत तथा ऋण नीति, कर्मचारी सञ्चालन निर्देशिका, आर्थिक नीति आदि । वचत तथा ऋण नीतिले संस्थालाई कसरी वचत बढाउने, बचतमा कसरी ब्याज प्रदान गर्ने, वचतकर्ताको रकम कसरी सुरक्षित गर्ने तथा वचतको हिसावकिताव कसरी राखिदिने आदि विषयवस्तुहरू समावेश गरीएको हुन्छ ।यसले सञ्चालक समिति, कर्मचारी, तथा बचतकर्ताहरूलाई नियमनको रूपमा काम गर्दछ । त्यसैगरी ऋण नीतिले ऋण लगानी गर्ने, ऋण असुली गर्ने तथा ऋणका अन्य सर्तनामाहरूसमेत उल्लेख गरिएको हुने हुनाले यसले समेत आन्तरिक नियमनको काम गर्दछ । समग्रमा संस्थाले बनाएका सम्पूर्ण नीतिनियमहरू नै आन्तरिक नियमनका औजारहरू हुन् । त्यसैगरी कर्मचारी विनियममा कर्मचारीका सेवा सुविधा तथा अन्य सेवाहरूका बारेमा उल्लेख गरिने हुनाले यसैलाई मार्गनिर्देश मानेर कर्मचारीहरूका विविध पक्षहरूका बारेमा निर्णय लिन सहयोग गर्दछ ।

यस आधारमा सहकारी संस्थाहरूको नियमनको कार्यक्षेत्रमा नियामक निकायबाट हुने नियमन, राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघ, जिल्ला सहकारी संघ, विषयगत जिल्ला सहकारी संघबाट सदस्य संस्थाहरूलाई हुने अनुगमन/निरीक्षण, लेखा सुपरीवेक्षण समिति, सदस्यलगायतबाट हुने हिसाब जाँच अनुगमन/निरीक्षण सबैलाई समेट्दछ ।

त्यसै गरी बाह्य अनुगमन वा निरीक्षणअन्तर्गत सहकारीसँग सम्बन्धित ऐन नियमहरू तथा यस सँग सम्बन्धित निकायहरू पर्छन् । मुख्यगरी नेपालमा सहकारी सुपरीवेक्षणका कानुनी आधारहरूमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशिका २०७४, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि २०७५ र ऋण बचतको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७७ तथा लेखा परीक्षण मापदण्ड आदि नै सहकारी सुपरीवेक्षणका कानुनी आधारहरू हुन् ।

## नेपालमा सहकारी नियमनको व्यवस्था
## Provision of Co-operative Monitoring System in Nepal

नेपालको संविधान २०७२ अनुसार सहकारी नियमन गर्ने अधिकार संघको क्षेत्राधिकारभित्र पर्छ। संविधानमा संघको अधिकार सूचीभित्र अनुसूची-५ मा सहकारी नियमन सम्बन्धी अधिकार प्रदान गरिएको छ । त्यसैगरी अनुसूची-६ मा प्रदेशको एकल अधिकार, अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकार, अनुसूची-८ मा स्थानीय तहको एकल अधिकार, र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख गरिएको छ । यस अनुसार सहकारीसम्बन्धी कार्य ३ वटै तहबाट हुने देखिन्छ।

**संघको विस्तृत अधिकार क्षेत्र (Extensive jurisdiction of the Union)**

क. सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन

ख. राष्ट्रियस्तरमा स्थापना हुने सहकारी बैंकको अनुमति र नियमन

ग. सहकारीसम्बन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय र सहकार्य

घ. सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान

ङ. सहकारीसम्बन्धी राष्ट्रिय तथा केन्द्रीय विषयगत संघसंस्थासँग सम्बन्ध र सहकार्य

च. अन्तरप्रादेशिक सहकारी समन्वय

छ. सहकारीसम्बन्धी क्षमता अभिवृद्धि

ज. सहकारी क्षेत्रको प्रवर्धन र परिचालन

झ. बचत तथा ऋण परिचालनसम्बन्धी मापदण्ड नियमन



**प्रदेशको विस्तृत अधिकारक्षेत्र (Extensive jurisdiction of the state)**

क. सहकारी संस्थासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन

ख. प्रादेशिक सहकारी संस्था, सहकारी बैंकसम्बन्धी अनुमति, सञ्चालन र नियमन

ग. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड र नियमन

घ. सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तर प्रादेशिक संघ संस्थासँग समन्वय

ङ. सहकारीसम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान

च. सहकारीसम्बन्धी क्षमता अभिवृद्धि

छ. सहकारी क्षेत्रको प्रवर्धन र परिचालन

**स्थानीय तहको विस्तृत अधिकारक्षेत्र (Extensive jurisdiction at the local level)**

क. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन

ख. स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन

ग. सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन

घ. सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय

ङ. सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन, अनुसन्धान

च. स्थानीय सहकारी सम्बन्धी क्षमता अभिवृद्धि


छ. स्थानीय सहकारी क्षेत्रको प्रवर्धन र परिचालन

ज. सहकारी संस्थाको प्रवर्धन र विकास

यस आधारमा तीन तहकै सरकारमा अनुगमनसम्बन्धी अधिकार रहेको देखिन्छ । व्यवहारमा समेत तीन तहकै सरकारले आफ्नो नियमन क्षेत्राधिकारभित्र नियमन अधिकार प्रयोग गरेको देखिन्छ । प्रदेश सरकार र स्थानीय सरकारले आ-आफ्नो छुटाछुटै ऐन नियम जारी गरी कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । संघ, प्रदेश र स्थानीय सहकारी ऐन नियम बीच एकरूपता कायम गर्ने र सरकारहरूबीच समन्वय कायम गर्ने मनसायले सङ्घीय कानुनसँग नबाझिने गरी कानुन बनाउनुपर्ने गरिएको छ ।

तीनै तहबाट हुने सहकारी नियमनका सम्पूर्ण विषयवस्तुहरूलाई तीनओटा आयामका रूपमा लिन सकिन्छ १) नियमन २) प्रवर्धन ३) प्रशिक्षण

**तीनै तहको भूमिकाका तीन आयाम**




**१ सहकारी नियमन**

सहकारी नियमनअन्तर्गत निम्न अनुसारका क्षेत्रहरू पर्दछन् ।

- क. संस्था सञ्चालनमा सहकारी मर्म, मूल्य र सिद्धान्तको पालना,
- ख. संस्थामा कानुन र विनिमयको परिपालना,
- ग. सदस्य केन्द्रीयताको आधारमा सहकारी सञ्चालन,
- घ. सहकारीका सदस्यहरू, सञ्चालकहरू, व्यवस्थापक र कर्मचारीहरूको सक्रियता र काम, कर्तव्य र अधिकारको प्रयोगका सम्वन्धमा जाँच,
- ङ. संस्थाले आफ्ना सदस्यहरूलाई उद्देश्यअनुसार सेवा प्रदान गरे नगरेको जाँच,
- च. सहकारीको आर्थिक तथा वित्तीय अवस्थाको लेखाजोखा,
- छ. संस्थाका काम कारवाहीको प्रभावकारिता, कार्यदक्षता, प्रतिस्पर्धी क्षमता, वृद्धिदर र सुरक्षा-सहितको सेवा प्रवाहको अवस्था जाँच,
- ज. प्रचलित नियम, कानुन एवम् विनियमवमोजिम नभएमा आवश्यक दण्डात्मक उपायसमेत अवलम्वन गर्ने आदि ।

**२. सहकारी प्रवर्धन**

सहकारी प्रवर्धनअन्तर्गत निम्न अनुसारका क्षेत्रहरू पर्दछन् ।

- क. सहकारी विचारको सञ्चार,
- ख. सहकारी सङ्गठनहरू सञ्चालनमा सहजीकरण,



- ग. प्रवर्धन निकायसँग साझेदारी
- घ. सहकारी सङ्गठनको पुनर्संरचनाः एकीकरण, विभाजन, लिक्वुडेसन,
- ङ. सहकारी व्यवसायमा सहयोगः श्रमिकका स्वरोजगारी संस्था, भूमिहीनका सहकारी खेती, महिलामात्रका संस्था, अपाङ्गता भएका व्यक्तिका संस्था ।

**३. सहकारी प्रशिक्षण**

सहकारी प्रशिक्षणअन्तर्गत निम्नअनुसारका क्षेत्रहरू पर्दछन्

- क. पूर्व-सहकारी कक्षा
- ख. सहकारी नेतृत्व तथा व्यवस्थापन विकास तालिम
- ग. सहकारी लेखापालन तालिम
- घ. व्यवसायिक सीप विकास तालिम
- ङ. प्रशिक्षण सामग्री विकास तथा प्रकाशन
- च. असल अभ्यासको अध्ययन (Case study) आदि ।

## सहकारी ऐनमा भएको अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था
## Provisions related to monitoring and inspection in the Co-operatives Act

सहकारी ऐन २०७४ को दफा ९५ मा हिसावकिताव जाँच गर्ने र दफा ९७ मा बचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको निरीक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्था गरेकोछ ।त्यसैगरी दफा ९८ मा मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्ने र दफा ९९ मा संघले निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था गरेकोछ जसलाई निम्न बुँदाहरूमा व्याख्या गरिएको छः

- क. सहकारी ऐनको दफा ९५ (१) मा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले सहकारी संस्थाको जुनसुकै वखत निरीक्षण तथा हिसाब जाँच गर्न, गराउन सक्ने व्यवस्था गरिएको छ ।
- ख. सहकारी ऐनको दफा ९५(२) मा नेपाल राष्ट्रबैंकले जुनसुकै बखत सहकारी बैंकमा तोकिएको भन्दा बढी आर्थिक कारोबार गर्ने सहकारी संस्थाको हिसाब किताब वा वित्तीय कारोबारको निरीक्षण वा जाँच गर्न, गराउन सक्ने व्यवस्था गरिएको छ ।

ग. सहकारी ऐनको दफा ९५(३) मा उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्नो कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू सहकारी बैंकवाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सकिने व्यवस्था गरिएको छ ।

घ. सहकारी ऐनको दफा ९५(४) मा उपदफा (१) वा (२) वमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा नेपाल राष्ट्र बैंक, रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले माग गरेका जानकारी सम्वन्धित सहकारी संस्थाले उपलव्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

ङ. मन्त्रालयले निरीक्षण तथा अनगुमन गर्ने : सहकारी ऐन २०७४ को दफा ९८ अनुसार रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट कुनै सहकारी संस्थाको निरीक्षण नभएको वा त्यस्तो निरीक्षण प्रभावकारी नभएकाले सदस्यको हितमा प्रतिकूल असर परेको भनी कुनै स्रोतबाट जानकारी हुनआएमा मन्त्रालयले त्यस्तो सहकारी संस्थाको निरीक्षण तथा अनगुमन गरी सम्बन्धित सहकारी संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

च. संघले निरीक्षण तथा अनुगमन गर्नुपर्ने : (१) सहकारी ऐन २०७४ को दफा ९९ अनुसार संघले आफ्ना सदस्यको काम कारबाहीको तोकिएबमोजिम निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन विभाग तथा कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ र सो प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नुपर्ने छ :

१. अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,
२. सहकारी ऐन, यस ऐनअन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,
३. सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,
४. सदस्यहरूको सहभागिताको स्तर,
५. संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालन आदि ।



यसरी संघले अनगुमन गर्दा आफू मातहतका कुनै संस्था वा संघको काम कारबाहीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि सच्याउन सम्बन्धित संस्था वा संघलाई सझाव वा निर्देशन दिन सक्नेछ र त्यस्तो सुझाव वा निर्देशनको पालना गर्नु सम्बन्धित संस्था वा संघको कर्तव्य हुनेछ। साथै दिएको सुझाव वा निर्देशनको पालना नभएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष कारबाहीको सिफारिस गर्नेछ । यसरी दिएको सुझाव वा निर्देशनसम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नुपर्ने छ ।

ऋण बचतको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७७ अनुसार अनुगमन तथा निरीक्षण सहकारी ऐनको दफा ९७ मा ऋण बचतको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको निरिक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्था गरेकोछ ।

१. यस व्यवस्थाअनुसार वचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघले तोकिएबमोजिम अनुगमन प्रणाली अवलम्वन गर्नुपर्ने छ ।
२. रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले वचत तथा ऋणको कारोबार गर्ने संस्था वा संघको तोकिएबमोजिमको अनुगमन प्रणालीमा आधारित भै निरीक्षण तथा अनुगमन गर्नेछ ।
३. संस्था वा संघको निरीक्षण तथा अनुगमन गर्दा रजिष्ट्रार वा रजिष्ट्रारवाट अधिकार प्राप्त अधिकारीले आवश्यकताअनुसार नेपाल राष्ट्र बैंकलगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

सहकारी नियमावली २०७५ को नियम ७१ को उपनियम (१) मा ऐनको दफा ९५ को उपदफा (२) बमोजिम नेपाल राष्ट्र बैंकले सहकारी बैंकका अतिरिक्त पचास करोड रूपैंयाभन्दा वढीको वचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा हिसावकिताव जाँच गर्न, गराउन सक्नेछ । नियम ७१ को उपनियम (२) मा रजिष्ट्रारले उपनियम (१) बमोजिम नेपाल राष्ट्र बैंकवाट भएको निरीक्षण वा हिसाव जाँच प्रतिवेदन सिफारिसहरूको कार्यान्वयनको व्यवस्था मिलाइने छ भन्ने प्रावधान रहेको छ ।

सहकारी नियमावली, २०७५ को नियम ७२ मा निरीक्षण तथा अनुगमनसम्बन्धी विशेष व्यवस्था गरिएको छ । ऐनको दफा ९७ को उपदफा (४) वमोजिम वचत तथा ऋणको मुख्य कारोबार गर्ने देहायको सहकारी संस्थाको हकमा देहायवमोजिम मन्त्रालय, नेपाल राष्ट्र बैंक, विभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्ने व्यवस्था नियमावलीको नियम ७२ (१) व्यवस्था गरिएको छ ।

क. स्थानीय तहको नियमन क्षेत्राधिकार भित्रका पाँच करोड रूपैयाँ भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह र प्रदेश सरकारको सहकारी नियामक निकायको तर्फवाट नियमन गरिनेछ ।

ख. स्थानीय तह वा प्रदेश सरकारको नियमन क्षेत्राधिकारभित्रका पच्चीस करोड रूपैयाँ भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय र विभागको तर्फवाट नियमन गरिनेछ ।

ग. पचास करोड रूपैयाँ भन्दा बढी वचत दायित्व भएका सहकारी संस्थाको स्थानीय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैंकको तर्फवाट गराउने र पचास करोड रूपैया भन्दा बढी कारोबार भएका जुनसुकै सहकारी संस्थाको विभागवाट अनुगमन गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त नेपाल राष्ट्र बैंकले निरीक्षण गरिएको जानकारी विभागलाई दिनुपर्ने प्रावधान छ भने मन्त्रालयले समेत सहकारी संस्थाहरूको सघन अनुगमन गर्ने व्यवस्था गरिएको छ । तसर्थ सोहीबमोजिम संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो क्षेत्राधिकार भित्रमा सहकारी संस्थाको नियमनगरी प्रवर्धन गर्न सक्रिय योगदान पुऱ्याउने छन् ।

सहकारीलाई नियमन गर्नको लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय रहेको छ भने यसअन्तर्गत सहकारी विभाग रहेको छ । सहकारीको प्रवर्धन र विकासमा सहयोग पुऱ्याउनका लागि राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएको छ । यी सरकारी नियामक निकायहरूले पनि आवश्यकता अनुसार नियमन गरिरहेका हुन्छन । त्यसै गरी सहकारी व्यवसायको विकास, प्रवर्धन र बजारीकरणलगायतका कार्य गर्न विषयगत जिल्ला सहकारी संघ,



जिल्ला सहकारी संघ, विषयगत प्रदेश सहकारी संघ, प्रदेश सहकारी संघ, विषयगत केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी महासंघ स्थापनाको व्यवस्था ऐनमा भएकोले आफूअन्तर्गतका संस्थाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नियमनकारी भूमिका निर्वाह गरिरहेका हुन्छन् ।

## सहकारी नियमनसँग सम्बन्धित कार्यालयहरू
## Co-operative Monitoring and Regulating Office

**क. सहकारी विभाग** (Department of Co-operative)

सहकारी विभाग नेपाल सरकारको नियामक निकाय हो । सहकारी संस्थाहरूको नियमन प्रशासकीय प्रक्रिया हो तर यो शैक्षिक प्रक्रिया पनि हो । सहकारी विभागका कार्यहरूलाई (क) नियमन (ख) प्रवर्धन र (ग) प्रशिक्षण गरी तीनवटा शीर्षकमा वर्णन गर्न सकिन्छ ।

सहकारी विभागले नियमनकारी भूमिकाको रूपमा सहकारी संस्थाको दर्ता, निरीक्षण, विनियममा संशोधन तथा स्वीकृति, अनुगमन तथा गुनासो सुनुवाइ, सहकारी संस्थाको वित्तीय विश्लेषण, सन्दर्भ ब्याजदर, सेवा तथा नवीकरण शुल्क निर्धारण, सहकारी सिद्धान्त, मूल्य, मान्यता एवम् कानुनी व्यवस्थाको पालना गराउने, समस्याग्रस्त सहकारी संस्था घोषणाको सिफारिस, प्रादेशिक तथा स्थानीय सरकारसँग नियमन सहकार्य, सहकारी संस्थाको एकीकरण, विभाजन, स्थानीयकरणका कार्यहरू र सहकारी संस्थाको विघटन र लिक्विडेटरको नियुक्ति गर्ने ।

त्यसैगरी सहकारी विभागले सहकारीहरूको प्रवर्धनको लागि साझा स्वामित्वको भावना जगाउने, कार्यमूलक सञ्जालीकरणमा सघाउने, अवसरहरूको सर्वेक्षण गर्ने, आशलाग्दा व्यावसायिक विचारहरू कार्यान्वयनमा ल्याउने, जनचेतना अभियानहरू र स्व-शासकीय संयन्त्रहरू स्थापित गराउने आदि कार्यहरू गर्दछ ।

सहकारी विभागका प्रशिक्षण क्रियाकलापहरू प्रादेशिक तथा स्थानीय अधिकारीहरूको सहयोगका लागि उनीहरूको अग्रसरतामा चलाउँदछ । काठमाण्डौंको सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रबाट विशेषीकृत नियमन, व्यवस्थापन र नेतृत्व प्रशिक्षण दिइन्छ । यो स्रोत केन्द्र पनि हो । अनुसन्धान, सामग्री विकास एवम् प्रशिक्षक प्रशिक्षणमा सहकारी विभाग प्रत्यक्ष

**ख. नेपाल राष्ट्र बैंक (Nepal Rastra BanK)**

नेपाल राष्ट्र बैंक नेपालको केन्द्रीय बैंक हो । नेपालको आर्थिक क्षेत्रको व्यवस्थापन गर्ने उद्देश्य सहित केन्द्रीय बैंकका रूपमा नेपाल राष्ट्र बैंकको स्थापना २०१३ साल वैशाख १४ गते (सन् १९५६ अप्रिल २६) मा भएको थियो । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरूको मौद्रिक नीति निर्माण तथा प्रक्षेपण- को रूपमा कार्य गर्दै आइरहेको छ । नेपाल राष्ट्र बैंकले विदेशी मुद्रा विनियम दर तोक्ने, देशमा रहेको विदेशी मुद्रा भण्डारको व्यवस्था मिलाउने, विदेशी मुद्रा सम्बन्धी नीति निर्माण गर्नेजस्ता कार्य गर्दछ ।

नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ सुविधा प्राप्त गरेका १४ वटा सहकारीहरूको प्रत्यक्ष अनुगमन तथा निरीक्षण हुन्छ । त्यसैगरी पचास करोड रूपैंया भन्दा बढी बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण वा हिसाबकिताब जाँच गर्न गराउन सक्ने व्यवस्था सहकारी नियमावलीको नियम ७१ मा व्यवस्था गरिएको छ ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने निर्धारित सीमाभन्दा बढीको कारोबार गर्ने सहकारी संस्थाको संयुक्त रूपमा मन्त्रालय, नेपाल राष्ट्र बैंक, विभाग, प्रदेश सरकार र स्थानीय तहको संयुक्त टोली बनाई सघन अनुगमन गर्ने व्यवस्था गरिएअनुरूप पचास करोड रूपैंया भन्दा बढी बचत दायित्व भएका सहकारी संस्थाको स्थानिय तह वा प्रदेश सरकारको सहकारी नियामक निकाय, विभाग र नेपाल राष्ट्र बैंकबाट संयुक्त रूपमा अनुगमन गरिने व्यवस्था छ ।

**ग. प्रदेश सरकार (Provisional Government)**

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको मातहतमा प्रत्येक प्रदेशमा प्रदेश तहको सहकारी नियमन प्रवर्धन तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नको लागि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयमा रजिष्ट्रारको कार्यालय स्थापना गरिने व्यवस्था गरिएको छ । यस कार्यालयले सहकारी ऐन आउनुअगावै स्थापन भएका र प्रदेशको कार्यक्षेत्रभित्र पर्ने र प्रदेश सहकारी ऐन लागु भैसकेपछि स्थापना हुने सहकारी संस्थाहरूको अनुगमन तथा नियमन कार्य प्रदेश सरकारको मातहतमा रहेको भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयले गर्दछ प्रदेश



सहकारी ऐन बनाई लागु गर्न पाउने व्यवस्था नेपालको संविधान २०७२ मा गरिएको छ । प्रदेश सरकारको एकल अधिकार र प्रदेश र संघको संयुक्त अधिकारको क्षेत्रभित्र प्रदेश सरकारले सहकारीहरूको अनुगमन तथा नियमनकारी भूमिका निर्वाह गर्दछन् ।

**[illegible] स्थानीय सरकार (Local Government)**

स्थानीय सरकारको रूपमा रहेका प्रत्येक महानगरपालिका, उप महानगरपालिका, नगरपालिका र गाउँपालिकाले आफ्नो सहकारी ऐन आउनु अगावै स्थापना भएका र स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने र स्थानीय सहकारी ऐन लागु भैसकेपछि स्थापना हुने सहकारी संस्थाहरूको अनुगमन तथा नियमन कार्य प्रत्येक स्थानीय तहमा कार्यकारी अधिकृतले तोकेको व्यक्तिले हेर्ने गरी व्यवस्था गरिएको छ । स्थानीय तहमा नगरकार्यपालिका वा गाउँकार्यपालिकाले ऐन पारित गरेर लागु गर्न सक्ने व्यवस्था नेपालको संविधान २०७२ मा गरिएको छ । स्थानीय तहको एकल अधिकार, प्रदेश र स्थानीय तहको संयुक्त अधिकार र संघ, प्रदेश र स्थानीय तहको संयुक्त अधिकारको क्षेत्रभित्र रही स्थानीय निकायले सहकारीहरूको अनुगमन तथा नियमनकारी भूमिका निर्वाह गर्दछन् ।

**ङ. राष्ट्रिय सहकारी विकास बोर्ड (National Co-operative Development Board)**

सहकारी सिद्धान्तअनुरूप निम्नस्तरका जनताको आर्थिक तथा सामाजिक विकासका लागि सेवा सुविधासम्वन्धी नीति निर्माण तथा तत्सम्बन्धी योजना तर्जुमा गरी विभिन्न सहकारी संघ संस्थाहरूको प्रवर्धन र विकासमा सहयोग पुऱ्याउनका लागि राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना गरिएको हो । २०४९ कार्तिक २१ गते स्थापना भएको यस बोर्डले सहकारी क्षेत्रको विकासका लागि विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**[illegible]कार्यहरू**

१. सहकारीसम्वन्धी नीति निर्माण र सो को कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने ।
२. सरकार र सहकारी आन्दोलनका बीच समन्वय गर्ने ।
३. सहकारीको

४. सहकारी विकास कोषमार्फत संस्थामा वित्तीय सहयोग उपलब्ध गराउने ।

५. सहकारीसम्बन्धी अध्ययन/अनुसन्धान गर्ने ।

सहकारी संस्थाले आर्जन गरेको खुद बचत रकममध्ये जगेडा कोषमा छुट्याई बाँकी रहेको रकमलाई सय प्रतिशत मानी सहकारी प्रवर्धन कोषमा ०.५ प्रतिशत रकम वार्षिक रूपमा छुट्याउनु पर्छ । कोषको सञ्चालन व्यवस्थाका लागि सहकारी हेर्ने सङ्घीय मन्त्रालयका मन्त्रीको संयोजकत्वमा राष्ट्रिय सहकारी विकास बोर्डको सह अध्यक्ष, मन्त्रालयका सचिव, अर्थमन्त्रालयका सह सचिव, सहकारी महासंघका अध्यक्ष, केन्द्रीय बचत तथा ऋण सहकारी संघका अध्यक्ष र रजिष्ट्रार भएको एक समिति रहने व्यवस्था रहेको छ । कोष सञ्चालन समितिले संघहरूलाई रकम उपलब्ध गराउँदा देहायको अनुपातमा उपलब्ध गराउनुपर्ने व्यवस्था सहकारी नियमावली २०७५ ले गरेको छः-

१. राष्ट्रिय सहकारी महासंघलाई जम्मा स्रोतको तीस प्रतिशतसम्म,
२. केन्द्रीय विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको पच्चीस प्रतिशतसम्म,
३. प्रदेश सहकारी संघहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म,
४. प्रदेश विषयगत संघहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म,
५. जिल्ला सहकारी संघहरूलाई जम्मा स्रोतको पन्ध्र प्रतिशतसम्म,
६. जिल्ला विषयगत सहकारी संघहरूलाई जम्मा स्रोतको दश प्रतिशतसम्म ।

## सहकारी संस्थाको अनुगमन तथा सुपरीवेक्षण विधि
## Method of Monitoring and Supervision of Co-operatives

सहकारी संस्थाको अनुगमन तथा सुपरीवेक्षण विभिन्न किसिमले गर्न सकिन्छ । जुनसुकै विधिबाट अनुगमन तथा निरीक्षण गरेतापनि त्यसको मुख्य उद्देश्य सहकारीमा सुशासन कायम गर्नु हो । यस क्रममा मुख्य गरेर अनुगमन तथा सुपरीवेक्षण टोलीले निम्नअनुसारका कागजातहरू प्राप्त गरी सोहीअनुसार अनुगमन कार्य गर्नुपर्दछः

१. सहकारी संस्थाको दर्ता प्रमाणपत्रको छायाँ प्रति,
२. सहकारी संस्थाको विनियम (संशोधनहरू समेत) को छायाँ प्रति,
३. सदस्यता लिने दरखास्त, ऋण मागपत्र र बचत खाता खोल्ने निवेदनका ढाँचाहरू,
४. पछिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदनको छायाँ प्रति,



५. लेखा सुपरीवेक्षण समितिको चौमासिक तथा वार्षिक प्रतिवेदनको प्रति,
६. सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रति,
७. अनुगमन गर्दाको दिनको व्यवस्थापकबाट प्रमाणित नगदी ब्रहीको उतार,
८. अनुगमन गर्दाको अघिल्लो दिनको व्यवस्थापकबाट प्रमाणित हिसाब परीक्षा सूची,
९. अघिल्लो खाताबन्दीको नाफा/नोक्सान खाता वा आय विवरण,
१०. अघिल्लो खाताबन्दीको वासलात,
११. लगानीमा रहेको ऋणको अद्यावधिक वर्गीकरणका साथै ऋण नोक्सानी व्यवस्थाको प्रमाणित विवरण,
१२. सान्दर्भिक अवधिका साधारण सभा, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, ऋण उपसमिति र कर्मचारी बैठकका निर्णय कितावको छायाँ प्रति,
१३. आन्तरिक कार्यविधिहरूको प्रति,
१४. सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ पालनाका सिलसिलामा सहकारी संस्थाले पारित गरेका आन्तरिक नीति र कार्यविधिका साथै प्रयोगमा ल्याइएका सदस्यको पहिचानलगायतसँग सम्बन्धित खाली फारामहरू,
१५. कर चुक्ता प्रमाणपत्र,
१६. ढुकुटी, काउन्टर र मार्गस्थ नगदको बिमाका कागजातको छायाँ प्रति,
१७. बहालवाला सञ्चालकहरूले लिएको ऋणको प्रमाणित विवरण,
१८. सहकारी संस्थाको बैंक खाताको विवरण,
१९. सहकारी संस्थाको परिचयात्मक पर्चा, मुखपत्र, अध्ययन प्रतिवेदनलगायतका प्रकाशनहरू
२०. प्रमाणित जिन्सी विवरणको छायाँ प्रति,
२१. स्थलगत जाँचका सिलसिलामा सहकारी संस्थाको काम-कारोबारको पुष्टि गर्न आवश्यक देखिएका अन्य प्रमाणित विवरण वा कागतपत्रको छायाँ प्रति ।

### अनुगमनका विधिहरू (Methods of monitoring)

१. गैर स्थलगत अनुगमनः संस्थाले पेश गरेका विवरणका आधारमा । नियामक निकायले संस्थाबाट प्रतिवेदन प्राप्त गर्ने र कार्यालयमै बसी प्राप्त तथ्याङ्क तथा प्रतिवेदनहरूको अध्ययन विश्लेषण गर्ने कार्यलाई गैर स्थलगत अनुगमन देखिएका कमी कमजोरीको

सुधारका लागि तत्काल निर्देशन दिइन्छ र आवश्यकता परेमा स्थलगत अनुगमनमा समेत पठाइन्छ । यसका लागि अनुगमन टोलीले निम्नअनुसारका विवरणहरू माग गरी सोही विवरणका आधारमा अनुगमन गर्नुपर्दछः

१. कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,
२. मासिक प्रतिवेदनहरू,
३. कोपोमिसबाट प्राप्त तथ्याङ्कबाट प्राप्त सूचनाहरू,
४. वार्षिक कार्यक्रम नीति तथा योजना,
५. ऋण वचतसम्बन्धी नीति तथा योजना,
६. सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,
७. साधारण सभाको बैठकसम्बन्धी जानकारी,
८. सेयर सदस्य सङ्ख्या र सेयर पुँजी,
९. सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम आदि ।

२. **स्थलगत अनुगमन (On-site monitoring)**

क. **नियमित अनुगमन (Regular monitoring)**

स्थलगत रूपमै सहकारी संस्थाको मुख्य मुख्य व्यवस्थाको जानकारी लिने कार्य नै नियमित अनुगमन हो । यसलाई सामान्य अनुगमन पनि भनिन्छ। नियामक निकायले आफ्नो क्षेत्राधिकारभित्रका संस्थामा एक आर्थिक वर्षमा कम्तीमा एक पटक पुगेर त्यस्ता संस्थाहरूको आधारभूत तथ्याङ्क सङ्कलन गर्नु तथा वस्तुस्थिति अवगत गर्नु यसको मूल उद्देश्य हो । यसअन्तर्गत गरिने कार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. संस्था सक्रिय रूपमा चलेको छ वा निस्क्रिय छ पत्ता लगाउनु,
२. संस्थामा हिनामिना वा कुनै गुनासो रहे नरहेको जानकारी पाउनु,
३. सघन अनुगमन गर्नुपर्ने वा नपर्ने यकिन गर्नु ।
४. नियमितरूपमा साधारण सभा गरे नगरेको,
५. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको बैठक नियमित र सक्रिय रहे नरहेको,
६. सदस्य सङ्ख्या र विवरण तथा कारोबारका खातापाता दुरूस्त राखे नराखेको,



७. लेखापरीक्षण नियमित गरे, नगरेको,
८. सम्बन्धित निकायमा पठाउनुपर्ने विवरणहरू पठाए नपठाएको,
९. आन्तरिक नियन्त्रण व्यवस्था रहे नरहेको,
१०. सहकारिताका मूल्य, मान्यता तथा सिद्धान्तको पालना भए नभएको ।

सहकारीको अनुगमन गर्दा कार्यालयले नियमित अनुगमन सवै संस्थामा एकपटक गर्न सक्ने गरी कार्यक्रम र बजेटमा समावेश गर्ने, कार्यालयमा कुनै पनि प्रतिवेदन नपठाउने संस्थालाई प्राथमिकतामा राखे, एक जना कर्मचारीले कम्तीमा आधा कार्यदिन समय दिने गरी समय निर्धारण गर्ने, अनुगमनका क्रममा सकेसम्म मुख्य मुख्य पदाधिकारीको उपस्थिति तथा व्यवस्थापकको अनिवार्य उपस्थिति गराउने व्यवस्था गर्ने, कारोबारका आधारभूत तथ्याङ्क सङ्कलन र संस्था सञ्चालनमा सहकारीका सिद्धान्त, मूल्य मान्यता र प्रचलित कानुनहरूको पालना सम्बन्धी जानकारीलाई प्राथमिकता दिने आदि ।

अनुगमनकर्ताले निरीक्षण तथा अनुगमन फाराम भर्ने, भराउने तथा सामान्यतः देहायका विषयहरूमा केन्द्रित भएर निम्नअनुसारका विषयहरू हेर्नु अनिवार्य हुन्छः

सदस्यता प्रदानको निर्णय प्रक्रिया र सदस्य विवरण खाता, साधारण सभाको उपस्थिति र माइन्युट किताव, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति र मुख्य कारोबारसँग सम्बन्धित उप समितिहरूको बैठकका माइन्युट किताव, सञ्चालक तथा लेखा समितिको निर्वाचनसम्बन्धी फाइल, सञ्चालक, कर्मचारीहरूको विवरण फाइल, चारखाता (सम्पत्ति, दायित्व, आम्दानी, खर्च), सहायक खाताहरूको जोड जम्मा, उत्पादक संस्था र उपभोक्ता भण्डारमा सामान खरिद र बिक्री खाता, लेखापरीक्षण प्रतिवेदन, लेखापरीक्षक नियुक्ति प्रक्रिया र सम्बन्धित निकायमा पठाएको विवरणसम्बन्धी फाइल आदि।

ख. **सघन अनुगमन (Intensive monitoring)**

ठुला कारोबार भएका तथा नियमित अनुगमन गर्दा अनियमितता वा हिनामिना भएको देखियो तथा सदस्यहरूको व्यापक गुनासो आएको अवस्थामा त्यस्तो संस्थाको सघन रूपमा अनुगमन गर्नुपर्ने हुन्छ ।

सघन अनुगमनमा संस्थाबाट भैरहेका सैद्धान्तिक, कानूनी, व्यवस्थापकीय, वित्तीय, आन्तरिक नियन्त्रण, सदस्य सेवाको गुणस्तरलगायत सबै पक्षमा विस्तृत रूपमा जाँचबुझ गरिन्छ । सहकारी विभागबाट ५ करोडभन्दा बढी कारोबार भएका सहकारी संस्थाहरूको (बचत तथा ऋणको कारोबार गर्ने) सघन अनुगमन भै आएको छ ।

**सघन अनुगमनका आधारहरू** (Basis for intensive monitoring)

कुनै पनि सहकारीको सघन अनुगमन गर्दा तपसिलका विषयहरूमा केन्द्रित भएर गर्नुपर्दछ:

१. संस्थाको मुख्य कारोबार, नीति तथा योजना, वार्षिक कार्यक्रम र बजेट बाँडफाँड,
२. संस्थाको साधारण सभा, सञ्चालक समिति, तथा उप-समितिहरूको निर्णय, मासिक तथा वार्षिक प्रगति प्रतिवेदन,
३. सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको निर्वाचन, अन्य विषयगत उपसमितिको गठन, काम कर्तव्य र अधिकार तथा निर्णयहरू,
४. आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणको प्रतिवेदन तथा वित्तीय विवरण,
५. सहकारीका सिद्धान्त मूल्य र मान्यताको पालना,
६. मन्त्रालय तथा विभागबाट जारी निर्देशन, कार्यविधि, मापदण्ड आदि ।
७. प्रचलित कानुनहरू, सहकारी संस्थाको लागि अनिवार्य गरिएका नीति तथा कार्यक्रमहरू,
८. संस्थाको विनियम तथा नियमावलीहरू तथा अन्य नीति, निर्देशिका, कार्यविधि र निर्णयहरू, संस्थाले उपलब्ध गराएको अन्य सूचना एवम् जानकारी (ब्रोसर, वार्षिक प्रगति पुस्तिकाहरू)
९. सेयर, बचत सङ्कलन, लगानी, कोष र खरिद बिक्रीका कारोबारका साथै आम्दानी र खर्चसम्बन्धी अद्यावधिक विवरण,
१०. संस्था सम्बद्ध विषयगत संघहरूबाट गरिएको निरीक्षण, अनुगमनका प्रतिवेदन, दिएका सुझाव तथा यस अगाडि गरिएको नियमित तथा सघन अनुगमनका प्रतिवेदन, सुझाव, निर्देशनको पालना, निरीक्षण तथा अनुगमन टोलीले आवश्यक ठानेका अन्य कागजात



## पर्ल्स मूल्याङ्कन विधि

## Pearl Evaluation Tool

कुनै पनि संस्थाको प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणका लागि सूचनाको उपलब्धता, अभिलेखको पर्याप्तता, सही तरिकाले विश्लेषण गर्ने सिपमूलक जनशक्ति तथा भरपर्दा सुपरीवेक्षकीय औजारहरूको उपलब्धता हुनु आवश्यकछ । वित्तीय सहकारी संस्थाहरूको अनुगमन तथा सुपरीवेक्षण गर्नका लागि तत्कालीन सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा पर्ल्स (PEARLS) विधिलाइ अगाडी सारिएको थियो जसलाइ विस्तृत रूपमा निम्न- अनुसार व्याख्या गरिएको छ ।

**सुरक्षण (Protection) [P]**

कुनै पनि वित्तीय सहकारी संस्थाको स्वस्थता अनुगमन गर्नका लागि सुरक्षण विधिको प्रयोग गरिन्छ । यसमा वित्तीय सहकारी संस्थाको खराव ऋणलाई वहन गर्न सक्ने ऋण नोक्सानी कोषको व्यवस्थाको प्रयाप्तता छ वा छैन भनी मूल्याङ्कन गरिन्छ । सहकारी संस्थाको खराव ऋण बराबर ऋण नोक्सानी कोषको व्यवस्था गरिएको छ भने संस्था बलियो मानिन्छ । सुरक्षण विधिअनुसार सुपरीवेक्षण गर्नका लागि भाका नाघेको ऋण रकमलाई १२ महिना भन्दा बढी र १२ महिना भन्दा कम दुइओटा वर्गमा विभाजन गरिन्छ । त्यसै गरी ऋण नोक्सानी कोषको व्यवस्थालाई पनि १२ महिनाभन्दा बढी र १२ महिना- भन्दा कम दुइओटा वर्गका विभाजन गरी सोही अनुसार अनुपात निकालेर ऋण रकमले भाग गरिन्छ ।

**Protection [P]**

| PEARL | Description | Goal |
|---|---|---|
| $P_1$ | $P_1 = \frac{\text{१२ महिना भन्दा वढी भाका नाघेको ऋणको लागि कोषको व्यवस्था}}{\text{१२ महिना भन्दा वढी भाका नाघेको जम्मा ऋण}} \times \text{१००}$ | १०० % |
| $P_2$ | $P_2 = \frac{\text{१२ महिना भन्दा कम अवधिको ऋणको लागि कोषको व्यवस्था}}{\text{१२ महिना भन्दा कम अवधिको भाका नाघेको जम्मा ऋण}} \times \text{१००}$ | ३५% |

**प्रभावकारी वित्तीय संरचना** (Effective Financial Structure)

यसमा कुनै पनि वित्तीय सहकारी संस्थाले लगानी गरेको कूल ऋण रकममा खराव ऋणको रकम घटाएर विश्लेषण गरिन्छ । त्यसै गरी कुल वचत, बाह्य ऋण, कूल सेयर पुँजीको रकम र प्राथमिक पुँजीकोष आदिलाई कूल सम्पत्तिसँग तुलना गरिन्छ । यसले संस्थाको कूल सम्पत्तिको तुलनामा शुद्ध ऋण, बचत, सेयर पुँजी र प्राथमिक पुँजीकोषको अनुपातको विश्लेषण गर्दछ ।

Effective Financial Structure [E]

| PEARL | Description | Goal |
|---|---|---|
| $E_1$ | $E_1 = \frac{\text{सदस्यलाई लगानी गरेको कुल ऋण - ऋण नेक्सानी व्यवस्था}}{\text{कुल सम्पत्ति}} \times १००$ | ७०-८० % |
| $E_2$ | $E_2 = \frac{\text{कुल बचत}}{\text{कुल सम्पत्ति}} \times १००$ | ७०-८० % |
| $E_3$ | $E_3 = \frac{\text{बाहय ऋण}}{\text{कुल सम्पत्ति}} \times १००$ | ५ % |
| $E_4$ | $E_4 = \frac{\text{कुल सेयर}}{\text{कुल सम्पत्ति}} \times १००$ | १०-२० % |
| $E_5$ | $E_5 = \frac{\text{प्राथमिक पुँजी कोष}}{\text{कुल सम्पत्ति}} \times १००$ | कम्तीमा १० % |

**सम्पत्तिको गुणस्तर (Assets Quality) [A]**

कुनै पनि वित्तीय सहकारी संस्थाले विभिन्न शीर्षकमा लगानी गरेको हुन्छ । यी विभिन्न शीर्षकहरूबाट प्राप्त हुने ब्याज आम्दानी नै संस्थाको मुख्य आम्दानीका स्रोतहरू हुन् । लगानी गरेको ऋणमध्ये खराव ऋण बढ्दै गएमा संस्थाको आम्दानी पनि घट्दै जान्छ भने यसको विपरीत खराव ऋणको मात्रा घट्दै गएमा संस्थाको आम्दानी पनि बढ्दै जान्छ । खराव ऋण घट्दै गएमा संस्थाको सम्पत्तिको गुणस्तर पनि राम्रो मानिन्छ । त्यसैले वित्तीय सहकारी संस्थाले गरेको कूल लगानीमध्ये खराव ऋणको अनुपातलाई कुल सम्पत्तिसँग तुलना गरेर सम्पत्तिको गुणस्तर मापन गरिन्छ । सहकारी संस्थाको ऋण लगानी, अन्य संस्थाको सेयरमा लगानी र मुद्दती लगानीमा रहेको रकम बाहेक वासलातमा रहेका अन्य सम्पत्तिहरूलाई नकमाउने सम्पत्ति भनिन्छ । जस्तै नगद, बैंकमा रहेको मौज्दात, स्थायी सम्पत्ति आदि ।

Assets Quality [A]

| PEARL | Description | Goal |
|---|---|---|
| $A_1$ | $A_1 = \frac{\text{सबै प्रकारको भाका नाघेको जम्मा ऋण रकम}}{\text{जम्मा ऋण लगानी रकम}} \times १००$ | ५ % सम्म |
| $A_2$ | $A_2 = \frac{\text{कुल नकमाउने सम्पत्ति}}{\text{कुल सम्पत्ति}} \times १००$ | ५ % सम्म |

**आम्दानी र खर्चको प्रतिफल दर (Rate of Return & Cost) [R]**

यसमा वित्तीय सहकारी संस्थाको आम्दानी तथा सञ्चालन खर्चलाई औसत वासलातको रकमसँग तुलना गरिन्छ । कुनै पनि संस्था दीर्घकालसम्म सञ्चालन हुनको लागि सञ्चालन खर्च सकेसम्म न्यूनतम हुने गरि सञ्चालन गर्नुपर्छ । सञ्चालन खर्च घटेमा खुद नाफाको रकम पनि बढ्न जान्छ जुन व्यवसायको सफलताको लागि अति आवश्यक हुन्छ ।



Rate of Return & Cost [R]

| PEARL | Description | Goal |
|---|---|---|
| $R_1$ | $R_1 = \frac{\text{कुल सञ्चालन खर्च सवै प्रकारको प्रोभिजनवाहेकको रकम}}{\text{(गत वर्षको + यस वर्पको सम्पत्ति)/२}} \times १००$ | ५ % सम्म |
| $R_2$ | $R_2 = \frac{\text{खुद नाफाको रकम}}{\text{(गत वर्षको + यस वर्पको सम्पत्ति)/२}} \times १००$ | १० % सम्म |

**तरलता (Liquidity) [L]**

कुनै पनि वित्तीय सहकारी संस्थाको दैनिक कारोबार व्यवस्थित तरिकाले सञ्चालन गर्नको लागि तरलता आवश्यक पर्छ । तरलता कम भएमा संस्थाले सदस्यहरूको माग अनुसार भुक्तानी गर्न सक्दैन । माग- अनुसार भुक्तानी गर्न नसकेमा संस्थाप्रतिको विश्वासमा ह्रास आउँदछ । छोटो समयमा भुक्तानी गर्नुपर्ने रकमको आधारमा तरलताको मात्रा संस्था अनुसार फरक फरक हुन सक्दछ । वित्तीय सहकारी संस्थाले तरलता मापन गर्नको लागि निम्नअनुसारको तरिका अपनाउन सक्दछः

Liquidity (L)

| PEARL | Description | Goal |
|---|---|---|
| $L_1$ | $L_1 = \frac{\text{कुल तरलता कोष}}{\text{कुल बचत दायित्व}} \times १००$ | १० % |

**वृद्धिका संकेतहरू (Sign of Growth) [s]**

यसमा वित्तीय सहकारी संस्थाको गत वर्षको र यस वर्षको वासलातको तुलना गरिन्छ । गत वर्षको वासलातको कुल रकमलाई यस वर्षको कुल रकमबाट घटाएर गत वर्षको कुल सम्पत्तिको रकमले भाग गरेर गत वर्षको तुलनामा यस वर्षको वृद्धि दर निकालिन्छ । सो वृद्धि दर Inflation rate भन्दा बढी भएमा राम्रो मानिन्छ ।

Sign of Growth) [s]

| Area | PEARL | Description | Goal |
|---|---|---|---|
| Sign of Growth (s) | $s_1$ | $s_1 = \frac{\text{यस वर्षको कूल सम्पत्ति – गत वर्षको कुल सम्पत्ति}}{\text{गत वर्षको कुल सम्पत्ति}} \times १००$ | ७.५ % |

## अभ्यास (Exercise)

**क. परियोजना कार्य (Project Work)**

१. सहकारी ऐन र नियमावलीमा अनुगमन तथा सुपरीवेक्षणसँग सम्बन्धित प्रावधानहरूको सूची तयार गर्नुहोस् र सो सूची कक्षामा साथीहरूसँग छलफल गर्नुहोस् ।

२. कुनै एक सहकारी संस्थाको वार्षिक प्रतिवेदन लिनुहोस् र त्यसमा दिइएका तथ्याङ्कहरूको प्रयोग गरी विभिन्न पल्स सूचाङ्कहरूको निर्धारण गर्नुहोस् ।

**ख. छोटा प्रश्नहरू (Short Questions)**

१. सहकारीको नियमन तथा अनुगमन भन्नाले के बुझ्नुहुन्छ उल्लेख गर्नुहोस् ।

२. सहकारीमा प्रयोग भइरहेको पल्सका सूचाङ्कहरूका बारेमा छोटकरीमा व्याख्या गर्नुहोस् ।

३. सहकारीका नियामक निकायहरूको बारेमा संक्षेपमा लेखुहोस ।

४. सहकारीको नियमन गर्दा प्राप्त गर्नुपर्ने आवश्यक कागजातहरू के के हुन् लेखुहोस् ।

५. सहकारी नियमन गर्ने विधिहरूको बारेमा छलफल गर्नुहोस् ।

**ग. लामा प्रश्नहरू (Long Questions)**

१. नेपालको संविधान २०७२ अनुसार संघको अधिकार क्षेत्र प्रदेशको अधिकार क्षेत्र र स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने कार्यहरूको बारेमा स- विस्तार उल्लेख गर्नुहोस् ।

२. सहकारी अनुगमन तथा सुपरीवेक्षण गर्दा प्रयोग गरिने विधिहरूको बारेमा विस्तृत रूपमा व्याख्या गर्नुहोस् ।

३. नेपालमा सहकारी ऐन २०७४ मा व्यवस्था गरिएका मुख्य मुख्य अनुगमन तथा सुपरीवेक्षणका प्रावधानहरू स-विस्तार व्याख्या गर्नुहोस् ।

७

अध्याय

# सहकारी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि

## Historical Movement of Co-operative Development

यस अध्यायको अध्ययनपछि पाठकहरूले निम्न विषय वस्तुहरूमा जानकारी पाउन सक्नेछन् :

- *सहकारी आन्दोलनको ऐतिहासिक पृष्ठभूमिको बारेमा,*
- *विभिन्न देशमा भएका सहकारी आन्दोलन तथा स्वरूपका सम्बन्धमा,*
- *लघुवित्तका बारेमा सामान्य जानकारी,*